# कक्षा सातमा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरुको नेपाली वर्णविन्यास

जय नारायण सिंह

परीक्षा क्रमाङ्क : २८०६१२/०७३

त्रि.वि. दर्ता नं. : ६-१-१४-४०१-२००४

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह चौथो सत्रको नेपा. शि. ५४४ पाठ्यांशको प्रयोजनका निम्ति प्रस्तुत

शोधपत्र

शिक्षाशास्त्र केन्द्रीय विभाग

नेपाली भाषा शिक्षा विभाग

कीर्तिपुर, काठमाडौं

२०७३/२०१७

# प्रतिबद्धता पत्र

प्रस्तुत शोधपत्रभित्रका सामग्रीहरु कहीँ कतैबाट साभार गरिएको छैन । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएको छैन । तसर्थः यो मेरो नितान्त मौलिकशोधपत्र भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

.........................

जय नारायण सिंह

(शोधार्थी)

मितिः २०७३/०९/०५

# सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह चौथो सत्र प्रणालीको नेपा. शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको प्रस्तुत **कक्षा सातमा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरुको नेपाली वर्ण विन्यास** शोधपत्र शोधार्थी जय नारायण सिंहद्वारा मेरो निर्देशनमा रही मिहिनेत र परिश्रमपूर्वक तयार पारिएको हो । निजले तयार पारेको यस शोधपत्रप्रति म पूर्ण रूपमा सन्तुष्ट छु । अतः यस शोधपत्रको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

२०७३/०९/०६ ...................................

Dec 21, 2016

डा. बुद्धराज खनिया

**(शोध निर्देशक)**

**त्रिभुवन विश्व विद्यालय**

**नेपाली भाषा शिक्षा विभाग**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

## स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह चौथो सत्र प्रणालीको नेपा. शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको प्रस्तुत**कक्षा सातमा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरुको नेपाली वर्ण विन्यास**शीर्षकको शोधपत्र नेपाली भाषा शिक्षा विभाग, स्नातकोत्तर तहका लागि उपयुक्त भएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| **क.सं.** | **नाम** | **हस्ताक्षर** |
| --- | --- | --- |
| १. | प्रा.डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) | ................................... |
| २. | प्रा. भोजराज ढुङ्गेल (शोध विशेषज्ञ) | ................................... |
| ३. | उप.प्रा.डा. बुद्धराज खनिया (शोध निर्देशक) | ................................... |

मिति : २०७३/०९/२४

Jan 08, 2017

## कृतज्ञता ज्ञापन

त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह चौथो सत्र प्रणालीको नेपा. शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत शोधपत्र तयार पारिएको छ । **कक्षा सातमा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरुको नेपाली वर्ण विन्यास** शीर्षकको प्रस्तुत शोधपत्रलाई अन्तिम रूप प्रदान गर्ने समयसम्म अनवरत रूपमा शुद्ध मन, वचन र कर्मले सरसल्लाह र निर्देशन गरी अमूल्य समय खर्चिने शोध निर्देशक तथा श्रद्धेय गुरुउपप्रा.डा. बुद्धराज खनियाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुतशोधपत्रलाई व्यवहारमा उतार्न उपयुक्त वातावरण, प्रशासन र विभागीय स्वीकृति प्रदान गर्ने निवर्तमान विभागीय प्रमुख प्रा.डा. राम प्रसाद भट्टराई लगायतनेपाली भाषा शिक्षा विभाग अन्तर्गत प्राध्यापनरत सम्पूर्ण गुरुवर्गप्रति हार्दिक आभार प्रकट गर्दछु । यस शोधपत्रनिर्माणको क्रममा विभिन्न विद्वान्वर्ग, सहपाठी मित्रहरू तथा अग्रज महानुभावहरूबाट प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग, सल्लाह, सुझाव, हौसला तथा प्रेरणा प्राप्त गरिएकाले सम्बद्ध सबैप्रति कृतार्थ रहनै पर्दछ साथै यस कार्यका लागि प्रयुक्त भएका सम्पूर्ण सन्दर्भ ग्रन्थका लेखक तथा प्रकाशकहरूप्रति पनि आभार व्यक्त गर्दछु ।

मेरो जीवनका हरेक क्षेत्रमा प्रगतिको आशा राख्दै विभिन्न व्यावहारिक र आर्थिक समस्याहरूसँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य समय, श्रम र पसिना खर्चेर मलाई यस अवस्थासम्म पुऱ्याउन लागि रहनुभएका बुबा भरत सिंह, आमा राम सुनर देवी, दाजुहरु शत्रुधन सिंह, सत्य नारायण सिंह र जय प्रकाश सिंहप्रति आजीवन ऋणी छु । साथैसामग्री सङ्कलनमा विशेष सहयोग पुऱ्याउने विद्यालय, प्र.अ., शिक्षक लगायत सम्पूर्ण विद्यार्थी भाइ बहिनीहरुप्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद टक्र्याउन चाहन्छु ।

प्रस्तुत शोधकार्यलाई निष्कर्षमा पुऱ्याउन समय समयमा शोधपत्र उपलब्ध गराएर सहयोग पुऱ्याउनु हुने दिदी तारा अधिकारी लगायत अन्त्यमा शोधपत्र टङ्कनलाई मिलाई सहयोग गर्ने **एभरेष्ट फोटोकपी एण्ड कम्प्युटर सेन्टर**लाई धन्यवाद नदिई रहन सक्दिन ।

**शोधार्थी**

जय नारायण सिंह

...........................

# शोधसार

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली शिक्षा विभाग स्नातकोत्तर तह चौथो सत्रको नेपा.शि (५४४) पाठ्यांशको प्रयोजनका लागि**कक्षा सातमा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरुको नेपाली वर्ण विन्यास** शीर्षकमा शोधपत्र तयार गरिएको छ । प्रस्तुत शोध मैथिली भाषी विद्यार्थीहरुको नेपाली वर्णविन्यासगत क्षमताको पहिचान गर्नु, विश्लेषण गर्नु,विद्यालय प्रकृति एवम् लैङ्गिक आधारमा वर्ण विन्यास प्रयोगको तुलना गर्नु र नेपाली वर्णविन्यासगत त्रुटिहरु समाधानका उपाय पत्ता लगाउनुमा केन्द्रित रहेको छ ।

प्रस्तुत शोधमा मूलतः मैथिली मातृभाषी भएका विद्यार्थीहरु माझ प्रश्नावली (शुद्ध शब्दमा गोलो घेरा लगाउने प्रश्न, जोडा मिलाउने, खाली ठाउँ भर्ने, शब्द निर्माण गर्ने, शुद्ध लेखन गर्ने र स्वतन्त्र लेखन) का आधारमा स्थलगत अध्ययन विधि मार्फत सामग्री सङ्कलन गरी वर्णनात्मक तरिकाले अध्ययन गरिएको छ । अध्ययनको विश्लेषण तथा मूल्याङ्कन गर्दा प्रश्नावली र उत्तर कुञ्जिकाका आधारमा विद्यार्थीहरुका उत्तर पुस्तिका परीक्षण गरी टिपोट गरिएका त्रुटिहरुको वर्गीकरण र विश्लेषणमार्फत त्रुटि निराकरणका उपायहरु समेत प्रस्तुत गर्दै निचोड निकालिएको छ । यस अध्ययनबाट प्राप्त निष्कर्षलाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

- ह्रस्व प्रयोग सम्बन्धी शुद्ध लेख्ने विद्यार्थीहरु औषत ६४.५८ प्रतिशत र त्रुटिपूर्ण लेख्ने औषत ३५.४२ प्रतिशत रहेको देखिन्छ भने दीर्घ प्रयोगमा शुद्ध लेख्ने औषत ५५ प्रतिशत र त्रुटिपूर्ण लेख्ने ४५ प्रतिशत रहेको देखिन्छ ।
- श, ष र स वर्णको शुद्ध प्रयोग गर्ने औषत विद्यार्थीहरु ५४.५८ प्रतिशत र त्रुटि गर्ने ४५.४२ प्रतिशत रहेको पाइन्छ ।
- ऋ र रि वर्णको शुद्ध प्रयोग गर्ने औषत विद्यार्थीहरु ५३.७५ प्रतिशत र त्रुटि गर्ने ४६.२५ प्रतिशत रहेको पाइन्छ ।
- क्ष र छे वर्णको शुद्ध लेखन गर्ने औषत विद्यार्थीहरु ६३.७५ प्रतिशत र त्रुटिपूर्ण लेखन गर्ने औषत ३६.२५ प्रतिशत विद्यार्थी रहेको पाइन्छ ।
- हलन्तको सही स्थानमा प्रयोग गरी शुद्ध लेखन गर्ने औषत विद्यार्थीहरु ४१.२५ प्रतिशत र त्रुटि गर्ने औषत ५८.७५ प्रतिशत रहेको पाइन्छ ।

- चन्द्रविन्दु, शिरविन्दु र पञ्चमवर्णको शुद्ध प्रयोग गर्ने औषत विद्यार्थीहरु ६१.२५ प्रतिशत र त्रुटिपूर्ण लेख्ने ३८.७५ प्रतिशत रहेको पाइन्छ ।
- पदयोग सम्बन्धी शुद्ध लेखन गर्ने औषत विद्यार्थीहरु ५० प्रतिशत र त्रुटिपूर्ण लेखन गर्ने ५० प्रतिशत रहेको पाइन्छ ।
- पूर्ण विराम, अल्प विराम, प्रश्नवाचक, विश्मयादिबोधक र उद्धरण चिह्नको शुद्ध प्रयोग गर्ने विद्यार्थीहरु क्रमशः ६७.७५, ३५, ५३.७५, ३० र १.२५ प्रतिशत तथा त्रुटि गर्ने क्रमशः ३१, ५६, ४६.२५, ७० र ९८.७५ प्रतिशत रहेको पाइयो ।
- संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरु ह्रस्व र दीर्घ प्रयोगमा क्रमशः १३ र १० प्रतिशतले बढी त्रुटि गरेको देखिन्छ ।
- संस्थागतभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुले श, ष र स वर्णको प्रयोगमा ६ प्रतिशतले बढी त्रुटि गरेको देखिन्छ ।
- संस्थातगभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुले ऋ र रि वर्णको प्रयोगमा ५ प्रतिशतले बढी त्रुटि गरेको देखिन्छ ।
- संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरुले क्ष र छे वर्णको प्रयोगमा २२ प्रतिशतले बढी त्रुटि गरेको पाइयो ।
- हलन्तको प्रयोगमा संस्थातग विद्यालयका तुलनामा सामुदायिक विद्यालयका १५ प्रतिशत विद्यार्थीहरुले बढी त्रुटि गरेको देखियो ।
- चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्णको प्रयोगमा संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयका १२.५ प्रतिशत विद्यार्थीहरुले बढी त्रुटि गरेको देखिन्छ ।
- पदयोग र पद वियोगमा संस्थातग विद्यालयका विद्यार्थीहरुको तुलनामा सामुदायिक विद्यालयका १५ प्रतिशत विद्यार्थीहरुले बढी त्रुटि गरेको देखिन्छ ।
- पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विश्मयादिबोधक र उद्धरण चिह्नको प्रयोगमा संस्थागतभन्दा सामुदायिक विद्यालयका क्रमशः १७.५, २०, १७.५, १५ र २.५ प्रतिशत विद्यार्थीहरुले बढी त्रुटि गरेको देखियो ।
- ह्रस्व र दीर्घ प्रयोगमा छात्रा भन्दा छात्रको त्रुटिगत स्थिति क्रमशः ६ र १.६७ प्रतिशतले बढी रहेको देखिन्छ ।

- श, ष र स वर्णको प्रयोग सम्बन्धी छात्र र छात्रा दुबैको त्रुटिगत स्थिति लगभग उस्तै रहेको देखिन्छ ।
- ऋ र रि वर्णको प्रयोग सम्बन्धी छात्राभन्दा छात्रको त्रुटिगत स्थिति ८.७५ प्रतिशतले बढी रहेको देखिन्छ ।
- क्ष र छे वर्ण सम्बन्धी छात्रभन्दा छात्राको त्रुटिगत स्थिति ५ प्रतिशतले बढी रहेको देखिन्छ ।
- हलन्त प्रयोग सम्बन्धी छात्राभन्दा छात्रको त्रुटिगत स्थिति ७.५ प्रतिशतले बढी रहेको देखिन्छ ।
- चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्णको प्रयोग सम्बन्धी छात्राभन्दा छात्रको त्रुटिगत स्थिति ११ प्रतिशतले बढी रहेको देखिन्छ ।
- पदयोग र पद वियोग सम्बन्धी छात्रभन्दा छात्राको त्रुटिगत स्थिति ५ प्रतिशतले बढी रहेको देखिन्छ ।
- पूर्णविराम, प्रश्नवाचक र उद्धरण चिह्नको प्रयोगमा छात्राभन्दा छात्रले क्रमशः २.५, ७.५ र २.५ प्रतिशत बढी त्रुटि गरेको देखियो भने अल्पविराम र विश्मयादिबोधक चिह्नको प्रयोगमा छात्रभन्दा छात्राले क्रमशः ५ र १० प्रतिशत बढी त्रुटि गरेको देखियो ।

# विषय सूची

## अध्याय एक

## शोधको परिचय

१.१ पृष्ठभूमि १
१.२ समस्या कथन ३
१.३ अध्ययनका उद्देश्य ४
१.४ अध्ययनको औचित्य ४
१.५ अध्ययनको सीमाङ्कन ५
१.६ अध्ययनको रूपरेखा ५

## अध्याय दुई

## सम्बद्ध कार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

२.१ सम्बद्ध कार्यको पुनरावलोकन ७
२.१.१ पुस्तक समीक्षा ७
२.१.२ शोधपत्रको समीक्षा ९
२.२ सम्बद्ध कार्यको महत्त्व १३
२.३ सैद्धान्तिक अवधारणा १४
२.३.१ वर्ण विन्यासको परिचय र महत्त्व १४
२.३.१.१ परिचय १४
२.३.१.२ महत्त्व १५
२.४नेपाली वर्ण विन्यासका केही प्रमुख नियमहरु १७
२.४.१ ह्रस्व दीर्घ सम्बन्धी नियम १७
२.४.२श, ष, सको प्रयोग सम्बन्धी नियम २०
२.४.३ऋ, रि सम्बन्धी नियम २१
२.४.४क्ष,छ्य/छे सम्बन्धी नियम २१
२.४.५अजन्त हलन्त प्रयोग सम्बन्धी नियम २१
२.४.६चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्ण प्रयोग सम्बन्धी नियम २२
२.४.७पदयोग पदवियोग सम्बन्धी नियम २३

२.४.८लेख्य चिह्न सम्बन्धी नियम २५

अध्याय तिन

अध्ययन विधि र प्रक्रिया

३.१ अध्ययन विधि २८

३.२ जनसङ्ख्या र नमुना छनोट २८

३.३तथ्य सङ्कलन प्रक्रिया २९

३.४ व्याख्या विश्लेषण २९

अध्याय चार

मैथिली भाषी विद्यार्थीहरुको नेपाली वर्ण विन्यासको विश्लेषण

४.१ ह्रस्व दीर्घको प्रयोग ३१

४.२ श, ष, स को प्रयोग ३४

४.३ ऋ र रि वर्णको प्रयोग ३४

४.४ क्ष र छ्य/छे प्रयोग ३५

४.५ अजन्त हलन्तको प्रयोग ३६

४.६ चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्णको प्रयोग ३७

४.७ पदयोग र पद वियोगको प्रयोग ३८

४.८लेख्य चिह्नको प्रयोग ३९

अध्याय पाँच

विद्यालयको प्रकृति एवम् लैङ्गिक आधारमा वर्ण विन्यास प्रयोगको तुलना

५.१ विद्यालय प्रकृतिको आधारमा तुलना ४२

५.१.१ विद्यालय प्रकृतिको आधारमा ह्रस्व दीर्घ प्रयोगको तुलना ४२

५.१.२विद्यालय प्रकृतिको आधारमा श, ष, स प्रयोगको तुलना ४५

५.१.३विद्यालय प्रकृतिको आधारमा ऋ र रि प्रयोगको तुलना ४६

५.१.४विद्यालय प्रकृतिको आधारमा क्ष,छ्य/छे प्रयोगको तुलना ४८

५.१.५ विद्यालय प्रकृतिको आधारमा हलन्त अजन्त प्रयोगको तुलना ४९

५.१.६ वि.प्र.को आधारमा चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्ण प्रयोगको तुलना ४९

५.१.७विद्यालय प्रकृतिको आधारमा पदयोग र पद वियोग प्रयोगको तुलना ५०

५.१.८ विद्यालय प्रकृतिको आधारमा लेख्य चिह्न प्रयोगको तुलना ५२

५.२लैङ्गिक आधारमा तुलना ५४
५.१.१ लैङ्गिक आधारमा ह्रस्व दीर्घ प्रयोगको तुलना ५५
५.१.२लैङ्गिक आधारमा श, ष, स प्रयोगकोतुलना ५७
५.१.३लैङ्गिक आधारमा ऋ र रि प्रयोगकोतुलना ५८
५.१.४लैङ्गिक आधारमा क्ष, छ्य/छे प्रयोगकोतुलना ६०
५.१.५ लैङ्गिक आधारमा हलन्त अजन्त प्रयोगको तुलना ६१
५.१.६ लैङ्गिक आधारमा चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्ण प्रयोगको तुलना ६१
५.१.७लैङ्गिक आधारमा पदयोग र पद वियोग प्रयोगको तुलना ६३
५.१.८ लैङ्गिक आधारमा लेख्य चिह्न प्रयोगको तुलना ६४
५.३ त्रुटि समाधानका उपायहरु ६६

**अध्याय छ**

**सारांश, निष्कर्ष र उपादेयता**

६.१ सारांश ७०
६.२ निष्कर्ष ७१
६.३ उपादेयता ७६
**सन्दर्भ सूची**
**परिशिष्ट**
**व्यक्तिवृत्त**

# तालिका सूची

पृष्ठ सङ्ख्या

तालिका १ ह्रस्व प्रयोगको स्थिति ३२

तालिका २ दीर्घ प्रयोगको स्थिति ३३

तालिका ३ श, ष, स वर्ण प्रयोगको स्थिति ३४

तालिका ४ ऋ र रि वर्ण प्रयोगको स्थिति ३५

तालिका ५ क्ष, छ्य/छे वर्ण प्रयोगको स्थिति ३६

तालिका ६ हलन्त प्रयोगको स्थिति ३७

तालिका ७ चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्ण प्रयोगको स्थिति ३८

तालिका ८ पदयोग पद वियोगको स्थिति ३९

तालिका ९ वि.प्र.को आधारमा ह्रस्व प्रयोगको स्थिति ४३

तालिका १० वि.प्र.को आधारमा दीर्घ प्रयोगको स्थिति ४४

तालिका ११ वि.प्र.को आधारमा श, ष, स प्रयोगको स्थिति ४६

तालिका १२ वि.प्र.को आधारमा ऋ र रि प्रयोगको स्थिति ४७

तालिका १३ वि.प्र.को आधारमा क्ष, छे वर्ण प्रयोगको स्थिति ४८

तालिका १४ वि.प्र.को आधारमा हलन्त प्रयोगको स्थिति ४९

तालिका १५ वि.प्र.को आधारमा चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्ण प्रयोगको स्थिति ५०

तालिका १६ वि.प्र.को आधारमा पदयोग, पद वियोग प्रयोगको स्थिति ५१

तालिका १७लैङ्गिक आधारमा ह्रस्व प्रयोगको स्थिति ५५

तालिका १८लैङ्गिक आधारमा दीर्घ प्रयोगको स्थिति ५६

तालिका १९लैङ्गिक आधारमा श, ष, स वर्णको प्रयोगको स्थिति ५८

तालिका २०लैङ्गिक आधारमा ऋ र रि प्रयोगको स्थिति ५९

तालिका २१लैङ्गिक आधारमा क्ष, छ्य/छे प्रयोगको स्थिति ६०

तालिका २२लैङ्गिक आधारमा हलन्त अजन्त प्रयोगको स्थिति ६१

तालिका २३लै.आ.मा चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्ण प्रयोगको स्थिति ६२

तालिका २४लैङ्गिक आधारमा पदयोग, पद वियोग प्रयोगको स्थिति ६३

# संक्षिप्त शब्द सूची

| संक्षिप्त रूप | | पूर्ण शब्द |
|---|---|---|
| निमावि | : | निम्न माध्यमिक विद्यालय |
| मावि | : | माध्यमिक विद्यालय |
| उमावि | : | उच्च माध्यमिक विद्यालय |
| प्र.अ. | : | प्रधानाध्यपक |
| प्रा. | : | प्राध्यापक |
| डा. | : | डाक्टर |
| प्रा.डा. | : | प्राध्यापक डाक्टर |
| त्रिवि | : | त्रिभुवन विश्व विद्यालय |
| नेपा.शि. | : | नेपाली शिक्षा |
| इ.बो. | : | इङ्गलिस बोर्डिङ |
| वि.सं. | : | विद्यार्थी सङ्ख्या |
| क्र.सं. | : | क्रम सङ्ख्या |
| वि.प्र | : | विद्यालय प्रकृति |
| लै.आ. | : | लैङ्गिक आधार |
| प.सं. | : | परिमार्जित संस्करण |